# मर्स्याङदी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### भुलभुले, लम्जुङ्ग
### गण्डकी प्रदेश, नेपाल

# Tractor खरिदको लागि बोलपत्र आह्वानको सूचना

**(प्रथम पटक सूचना प्रकाशित भएको मितिः २०७५/०५/०५)**

१. मर्स्याङदी गाउँपालिकालाई एक थान **Tractor** आवश्यक परेकोले योग्य फर्म/कम्पनीहरूबाट खरिद गर्न यो शिलबन्दी बोलपत्र आह्वान गरिएको छ ।

२. योग्य फर्म/कम्पनीहरूले यस सम्बन्धी थप जानकारीको लागि वा बोलपत्र सम्बन्धी कागजातहरू हेर्न (अध्ययन गर्न) चाहेमा, यस कार्यालयको निम्न ठेगानामा सम्पर्क राख्न सक्नेछन् : मर्स्याङदी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, भुलभुले, लमजुङ्ग, इमेल : marsyangdirm@gmail.com

३. यो सूचना प्रकाशित भएको मिति देखि ३० औं दिनसम्म (२०७५/०६/०३ गते) बोलपत्र फाराम सम्वन्धित आपुर्तिकर्ता वा अधिकार प्राप्त प्रतिनिधिले नविकरण गरेको व्यवसाय दर्ताको प्रमाणित इजाजतपत्र, अद्यावधिक नविकरण फर्म, संस्था वा कम्पनी दर्ताको प्रमाणित प्रमाणपत्र, मूल्य अभिवृद्धि करमा दर्ताको प्रमाणित प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN) प्रमाणित प्रमाणपत्र, आ.व. २०७४/०७५ सम्मको कर चुक्ता गरेको प्रमाणित पत्र वा म्याद थपको पत्र सहित आ.व. २०७३/०७४ को कर चुक्ता प्रमाणपत्र, उत्पादक फर्म वा कम्पनीको Authorization Letter को प्रमाणित प्रतिलिपी तपसिलमा उल्लेखीत दस्तुर निवेदन साथ पेश गरेपछी सिलबन्दी बोलपत्र फारम यस कार्यालयबाट उपलब्ध गराइने छ ।

४. खरिद गरिएको बोलपत्र फारमहरुको महलहरु स्पष्टरुपमा भरी प्रत्येक पानामा सहीछाप गरी सिलबन्दी गरिएको बोलपत्र मर्स्याङदी गाउँपालिक, गाउँ कार्यपालिकाको कार्यालयमा ३१ औं दिन (२०७५/०६/०४ गते) दिउँसो १२:०० बजेभित्र बुझाउनु पर्नेछ । ढिलो गरी प्राप्त भएमा स्वीकार गरिने छैन ।

५. तोकिएको समयभित्र पेश भएका बोलपत्र प्रस्तावकहरू वा निजको प्रतिनिधिको रोहवरमा मर्स्याङदी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा ३१ औं दिन (२०७५/०६/०४ गतें) दिनको २:०० बजे खोलिने छ । प्रस्तावक वा निजका प्रतिनिधिहरू उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

६. सिलबन्दी बोलपत्रको साथ जमानत वापतको धरौटी रकम सिभिल बैंक भुलभुले, लम्जुङ्ग शाखा स्थित यस कार्यालयको नाममा रहेको स्थानीय तह धरौटी खाता नम्बर ०५८१०१२९९७१०८८ मा जम्मा गरेको सक्कल बैंक भौचर वा सो रकम बराबरको मान्यता प्राप्त 'क' बर्गको वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको कम्तीमा १२० दिनसम्म मान्य भएको निशर्त जमानत पेश गर्नु पर्नेछ ।

७. बोलपत्र खरिद गर्ने र पेश गर्ने वा खोल्ने दिन सार्वजनिक बिदा परेमा त्यसपछि कार्यालय खुल्ने दिन खरिद गर्ने, पेश गर्ने वा खोल्ने अन्तिम मिति कायम हुनेछ ।

८. कुनै वा सबै सिलबन्दी बोलपत्र, पुरै वा आंशिक रूपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने वा रद्ध गर्ने सम्पूर्ण अधिकार खरिदकर्तामा निहित रहने छ ।

९. यस सूचनामा उल्लेख नभएको अन्य विषय प्रचलित ऐन तथा नियमानुसार हुनेछ ।

१०. शिलबन्दी बोलपत्रको कामको विवरण निम्न अनुसार छ ।

| ठेक्का नं. | कामको विवरण | धरौटी/जमानत रकम रू. | फारम दस्तुर (फिर्ता नहुनेगरी) रू. |
|---|---|---|---|
| 02/2075-76 | Tractor (with Trailer) with four wheel drive having engine power not less than 60 HP and not more than 3600 CC. | कबोल अंकको २.५ % ले हुन आउने रकम | ३,०००/- |

**प्रमुख प्रशासकीय अधिकृत**